# सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०५।२५ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रभित्र वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औधोगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरणगर्दै वन, पन्छी, वनस्पती, जैविक विविधताको संरक्षण सम्वर्द्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय  दिगो विकासका सिद्दान्त अवलम्बन गर्नुका साथै वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, फोहोरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन, हरित गृह ग्यास उत्सर्जनमा  न्यूनीकरण, कानूनी तथा नीतिगत प्रावधानहरुको प्रभावकारी कार्यान्वयनको लागि,

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ र सूर्योदय नगरपालिकाको वातावरण संरक्षण ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधी, २०८०" रहेको छ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:

(क) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका , नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(घ) "नगर उप प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले सूर्योदय नगरपालिका भित्रको वडा सम्झनु पर्छ ।

(च) "वडाअध्यक्ष" भन्नाले सूर्योदय नगरपालिकाको वडाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "टोल विकास" संस्था भन्नाले टोलको समग्र विकास गर्ने उद्देश्यले गठन भई सूर्योदय नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(झ) "संयोजक" भन्नाले वातावरणमैत्री वडा घोषणा गर्ने कार्यक्रमको संयोजन गर्ने व्यक्ति सम्झनु पर्छ ।

**३. वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति:** (१) नगरपालिकामा देहायबमोजिमको वातावरण मैत्री स्थानीय शासन नगर समन्वय समिति रहने छ :

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) नेपाल प्रहरी स्थानीय ईकाइ प्रमुख | सदस्य |
| (च) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ज) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |

(झ) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य

(ञ) जिल्ला समन्वय समिति अधिकृत प्रतिनिधि — सदस्य

(ट) सामुदायिक विद्यालयका प्रधानाध्यापकबाट ३ जना (१ महिला सहित) — सदस्य

(ठ) सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मध्येबाट २ जना — सदस्य

(ड) उद्योग वाणिज्य सङ्घका अध्यक्ष — सदस्य

(ढ) गैर सरकारी संस्था स्थानीय समन्वय समितिका प्रमुख — सदस्य

(ण) वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य सचिव

(२) यो समितिको कार्यक्षेत्र नगरपालिका भित्र रहनेछ।

(३) नगर समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण सम्बन्धी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समिक्षा गर्ने।

(ख) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग समन्वय र सहजीकरण गर्ने।

(ग) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर टोललाई वातावरणमैत्री घोषणा गर्ने सहमति प्रदान गर्ने।

(घ) वातावरणमैत्री नगर घोषणा गर्न सिफारिस गर्ने

(ङ) वातावरणमैत्री घर परिवार,टोल तथा वडा सम्बन्धी विवरण आवश्यकता अनुरुप जिल्ला समन्वय तथा राष्ट्रिय समितिमा पठाउने।

(च) वातावरणमैत्री टोल एवम् वडालाई पुरष्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने।

(छ) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारा सहितको लोगो प्रदान गर्ने।

(ज) नगरको विशिष्टताको आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमेत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने।

(झ) स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरु गर्ने।

(ञ) स्थानीय तहका सार्वजनिक कार्यालयहरुलाई वातावरण मैत्री सार्वजनिक कार्यालय तोक्ने।

**४. वातावरणमैत्री वडा समन्वय समितिः** (१) पूर्ण सरसफाई तथा वातावरणमैत्री वडा घोषणा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने नगरपालिकाको वडा तहमा देहाय बमोजिमको वातावरणमैत्री वडा समन्वय समिति (वातावरण समिति)रहनेछ।

(क) सम्बन्धित वडा अध्यक्ष — संयोजक

(ख) सम्बन्धित वडा सदस्यहरु — सदस्य

(ग) सामुदायीक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट २ जना — सदस्य

(घ) स्थानीय स्वास्थ्य शाखाका प्रमुख — सदस्य

(ङ) टोल विकास संस्थाकाको अध्यक्ष मध्येबाट (२ महिला सहित )५ जना — सदस्य

(च) नेपाल प्रहरी, स्थानीय ईकाइ प्रमुख — सदस्य

(छ) सामुदायिक वन उपभोक्ता समिति भए मध्येबाट १ जना — सदस्य

(ज) क्रियाशील गैर सरकारी संस्थाका स्थानीय प्रतिनिधि १ जना — सदस्य

(झ) वडा सचिव सदस्य सचिव

(२) यो समितिको कार्यक्षेत्र सम्बन्धित वडा/ वडाहरुको कार्यक्षेत्र भित्र रहनेछ।

(३) वातावरणमैत्री वडा समन्वय समितिको काम, कर्तव्य,अधिकार र जिम्मेवारी देहाय बमोजिमको हुनेछ।

(क) वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, भु-उपयोग योजना कार्यान्वयन, जलवायु परिवर्तन अनुकूलन र फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने।

(ख) घर परिवार टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास सहयोग समन्वय तथा सहजीकरण गर्ने।

(ग) आधारभुत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरण मैत्री घोषणा गर्ने।

(घ) वातावरणमैत्री वडा घोषणा गर्न नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ङ) परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाई तारा सहितको लोगो प्रदान गर्ने ।

(च) वातावरणमैत्री घर परिवार टोलको विवरण त्रैमासिक/अर्धवार्षिक/बार्षिक रुपमा नगरपालिकामा पठाउने।

(छ) वातावरण मैत्री घर परिवार र टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने।

(ज) वडालाई वातावरणमैत्री वनाउन आवश्यक अन्य कार्यहरु गर्ने।

**५. कार्यक्रम सञ्चालन र क्षमता विकास:**

(१) नगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रही उपलब्ध साधन स्रोतको भरपुर उपयोग गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) समितिको क्षमता विकास गर्न, समिति बैठक सञ्चालन खर्च,टोलबासीहरुको प्रतिनिधित्व रहने गरी टोल विकास समितिका पदाधिकारी समेतको क्षमता विकास/ तालिम सञ्चालन खर्च, अनुगमन तथा मूल्याङ्कन खर्च, प्रतिवेदन खर्च, होडिङ्ग बोर्ड, प्रमाण–पत्र छपाइ तथा वितरण, सञ्चार, प्रचार-प्रसार, प्लेकार्ड, पम्प्लेट छपाई खर्च र घोषणा हुने कार्यक्रममा हुने खर्च आदि जस्ता विषयमा कार्यक्रमको बजेटबाट खर्च हुने गरी लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ।

(३) टोल-समुदाय तहमा देहाय बमोजिमका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनेछन्:

(क) नगरपालिकाको वडाभित्र कार्यरत स्वयंसेवक, टोलका पदाधिकारीहरु, सामाजिक अभियन्ताहरुलाई जिम्मेवारी र भूमिका थप गर्न वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा समुदायको क्षमता अभिबृद्धिका लागि परिचालन गर्नुपर्नेछ।

(ख) टोल विकास संस्था/ टोल विकास समितिका सदस्यहरु, महिला स्वास्थ्य स्वयंसेविका,आमा समूह, युवा क्लब तथा वन उपभोक्ता समूह जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्नु पर्नेछ।

(ग) समुदाय टोल एवम् वडाहरुमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार-प्रसार र अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) अगुवा कृषकहरु मार्फत प्राङ्गारिक खेती,उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको नकरात्मक असरबारे कृषकहरुलाई प्रर्दशनी-चेतना जागरण र सीप प्रदान गर्ने गराउने जस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(ङ) क्षमता विकास सम्बन्धी उपरोक्त क्रियाकलापहरु वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति मार्फत सञ्चालन गर्नु पर्नेछ ।

(च) फोहोरको उत्सर्जनमा न्यूनीकरण गर्ने उद्देश्यले फोहोरमैलाको वर्गीकरण गरी पुनःचक्रण (Recycle) र पुनःप्रयोग(Reuse) हुने फोहोरलाई Recycle र Reuse गर्ने कार्यमा प्रोत्साहन हुने खालका कार्यक्रम तथा तालिमहरु प्रदान गर्नु पर्नेछ ।

(४) वडा तहमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :

(क) वडा भित्रका महिला स्वास्थ्य स्वयसेविका, युवा क्लब र विद्ययालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक अभियान्ताहरुलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, परिवार तह तथा वडा तहका सूचकहरु, सूचक हासिल गर्ने विधि र प्रकृया, मापन गर्ने विधि र प्रकृया बारे सम्बन्धित वडाको अगुवाईमा अभिमुखीकरण कार्यक्रम गर्नु पर्नेछ ।

## ६. वातावरणमैत्री घोषणा गर्ने आधार र प्रक्रिया:

(१) वातावरणमैत्री घोषणा गर्ने आधार:

(क) अनुसूची १ देखी ५ सम्म उल्लेख भएका सूचकहरुमध्ये न्यूनतम सत्तरी प्रतिशत सूचकहरु पुरा गरेको अवस्थामा घर, टोल, वडा, नगरपालिका वा सरकारी कार्यालयलाई वातावरण मैत्री घोषणा गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम वातावरणमैत्री घोषणा गर्दा पूरा गरेका सूचकहरुको पुष्ट्याईँको आधार स्पष्ट रुपले खुलेको हुनुपर्नेछ ।

(२) सूचकको वर्गिकरण: घर परिवार, टोल र वडा तहको लागि वातावरणमैत्री स्थानीय शासनका मानकका रुपमा अनुसूचीहरुमा उल्लेखित भए बमोजिम छुट्टाछुट्टै सूचकहरुको व्यवस्था गरिएको छ ।

(क) आधारभुत सूचक: घरपरिवार देखि जिल्ला तहसम्म अनिवार्य रुपमा पूरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचकहरु आधारभुत सूचकहरु हुन ।

(ख) परिस्कृत सूचक: आधारभूत तह भन्दा माथिल्लो स्तरको सूचकहरुलाई परिस्कृत सूचकको रुपमा राखिएको छ ।

(३) वडा तह मापन गर्ने संयन्त्र: कार्यपालिकाका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा देहाय बमोजिमको सदस्यहरू रहेको संयन्त्रले वडा तहको सूचकहरूको मापन गर्नेछन् ।

(क) वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) नगरपालिकाको प्राविधिक कर्मचारी १ जना - सदस्य

(ग) खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख/ प्रतिनिधि १ जना- सदस्य

(घ) सम्बन्धित वडाका विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना - सदस्य

(ङ) वडा स्तरभित्र क्रियाशिल गैर सरकारी संस्थाका प्रतिनिधि १ जना - सदस्य

(च) नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख/प्रतिनिधि – १ जना

(४) प्रमाण पत्रको वितरण : वातावरणमैत्री हुनका लागि पूरा गर्नु पर्ने घरतहको, टोल तह, वडा तहको सूचकहरु पूरा गरी घर, टोल तथा वडाका सूचकहरु हासिल गरिसके पछि स्थलगत अनुगमन गरि घर, टोल विकास संस्था र वडालाई तोकिएको ढाँचामा हरियो तारा सहितको लोगो र प्रमाण पत्र प्रदान गर्न सकिने छ । लोगो र प्रमाण पत्रको ढाँचा समितिले तोके बमोजिम हुनेछ ।

(५) वातावरणमैत्री वडा समन्वय समितिको समयावधि : यो समितिको वडालाई वातावरण मैत्री वडा घोषणा नगरुन्जेलसम्म मात्र रहने छ भने वातावरण संरक्षण कार्यलाई निरन्तरता दिनको लागि सो समिति वातावरण संरक्षण तथा सर-सफाई समितिमा स्वत रुपमान्तरण हुनेछ ।

**७. संशोधन:** यस कार्यविधिको समयानुकुल कार्यान्वयनका लागि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**सूर्योदय नगरपालिका भित्रको वडाको लागि वातावरणमैत्री स्थानीयशासनका सूचकहरु**

नगरपालिका भित्रको वडाको लागि घरपरिवार तह, टोल तह, वडा तह गरी वातावरण स्थानीय शासनका चार तहका सूचकहरु पहिचान गरिएको छ । जसलाई  देहाय बमोजिम अनुसूचीमा उल्लेख गरिएको छ ।

**अनुसूची -१**

**१.  घर परिवार तह:**

**१.१. आधारभूत सूचक**

नगरपालिकाको लागि घर परिवार तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन् ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क.        सरसफाईको अवस्था** | | | |
| १.आधारभूत सरसफाई तथा घरभित्रको फोहोरको उचित व्यवस्थापन | १. शौचालयको व्यवस्था र त्यसको उचित प्रयोग भएको<br>२. फोहोरमैलालाई नगरपालिकाको मापदण्ड बमोजिम वर्गिकरण गरेको ।<br>३. घरपालुवा जनावरको हकमा घरक्षेत्र बाहिर खुल्ला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैले उठाएर आफ्नो घर परिसरमा लगि व्यवस्थित गर्ने गरेको । | | | |
| | **ख.  स्वच्छ  उर्जा प्रयोग** | | | |
| १. उर्जाको उपयोग | १. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. स्वच्छ वैकल्पिक उर्जा(जस्तै वायोग्यास सोलार, इन्डक्सन चुलो)को प्रयोग गरिएको ।<br>३. खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गर्न प्रोत्साहन गरेको। | | | |
| | **ग.  हरियाली तथा शहरी सौन्दर्य** | | | |
| १. हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १. घर कम्पाउण्डमा फलफुल तथा विभिन्न प्रजातीको बोट बिरुवाहरु भएको<br>२. घर परिषरमा विरुवा रोप्रे ठाउँ नभएको अवस्थामा छाना/छतमा बोट बिरुवा भएको वा कौशीमा तरकारी खेती गरेको। | | | |
| | **घ.खानेपानी** | | | |
| १.बर्षातकोपानीको सङ्कलन तथा भण्डारण | १. वर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी सङ्कलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिनभित्र जाने व्यवस्था गरिएको । | | | |
| १.पिउने पानी | १. पिउने पानीका लागि शुद्धीकरणका उपायहरु अवलम्वन गरी सुरक्षित पानी प्रयोग गरिएको । | | | |

**१.२ परिस्कृत सूचक**

नगरपालिकाको घर परिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. सरसफाईको अवस्था** | | | | |
| १.ढलको उचित व्यावस्थापन | घरमा सेप्टिक ट्याकीको व्यवस्था गरी सञ्चालनमा रहेको | | | |
| २.घरआँगन बाहिर सडकको सरसफाईको स्थिति | आफ्नो घर आँगन बाहिरको सडक वा बाटो सफा राख्रे गरेको । | | | |
| ३.प्लास्टिकको नियन्त्रण | प्लास्टिक झोलाको न्यून प्रयोगकोलागि त्यसको विकल्पमा जुट/कपडा वा कागजका झोला प्रयोग गर्न प्रोत्साहन गर्ने गरेको । | | | |
| **ख. स्वच्छ उर्जा प्रयोग** | | | | |
| १.स्वच्छ उर्जाको प्रयोग | विद्युत सेवा पुगेको घरमा खाना पकाउन घरमा विद्युतीय उर्जा को प्रयोग गरेको र विद्युत आपुर्ति नपुगेको घर वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रुपमा सौर्य उर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने गरेको | | | |
| **ग.हरियाली तथा शहरी सौन्दर्य** | | | | |
| १.घर परिसरमा खुल्ला ठाउँको व्यवस्थापन | घर निर्माण गर्दा नगरले निर्माण गरेको मापदण्ड बमोजिमको जमिनको क्षेत्रफल खाली राखेको ।<br>नक्सा पास लागु हुनु पूर्व निर्माण सम्पन्न भएका घरको हकमा घर ले ओगटेको जमिनको क्षेत्रफल नगरको विकास निर्माण मापदण्ड अनुसार खाली राखेको | | | |
| २.शहरी सौन्दर्य | घर अगाडि विभिन्न जातका फूलहरु रोपेको/(स्थान उपलब्ध नभएमा) गमलामा कौशी तथा वरण्डामा रोपेको । | | | |
| **ङ भवन निर्माण संहिताको पालना** | | | | |
| सुरक्षित भवन निर्माण | १.घर निर्माण गर्दा भवन निर्माण संहिताको पालन गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको | | | |
| | २.भवन निर्माण संहिता पालन नगरी बनाएको घरको प्रवलीकरण गरेको । | | | |

## अनुसूची -२

**टोल तहः**

**२.१.आधारभूत सूचकहरुः**

नगरपालिकाको लागि टोल तहका आधारभुत सूचकहरु देहाय बमोजिमको रहेका छन् ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. सरसफाईको अवस्था** | | | | |
| १.टोल विकास संस्था | स्थानीयटोल समुदायमा त्याहाँका ८०% वा सो भन्दा बढी घर-परिवार संलग्न भएको टोल विकास सस्था गठन भएको । | | | टोल विकास संस्था दर्ता प्रमाण पत्र र सदस्यता देखिने दस्तावेज |
| २.टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समुदायको क्षेत्रभित्र सामुहिक रुपमासरसफाई अभियान सञ्चालन गर्ने गरेको ।<br>२. घरबाट बाहिर निष्काशन गरिने फोहोर सडक,पेटी र सार्वजानिक स्थानमा जम्मा नगरी सिधै सङ्कलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम ब्यवस्थापन गरेको । | | | सरसफाई कार्यक्रमको माइन्युट र फोटोहरु |
| ४. टोल विकास संस्थाको वातावरणीय सुशासन प्रर्वद्धन सम्बन्धी कार्यहरु | १. संस्थाको मासिक बैठक र साधारण सभामा स्थानीय वातावरण संरक्षण समिति सम्बन्धी छलफल तथा निर्णय गर्ने गरेको<br>२. विभिन्न अवसर पारी वातावरण संरक्षणका विविध कार्यक्रमहरुको आयोजना गर्ने गरेको | | | निर्णय पुस्तिका अध्ययन गर्ने |

**२.२ परिस्कृत सूचक**

नगरपालिकाको घर परिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्र्याई |
|---|---|---|---|---|
| क. सार्वजनिक क्षेत्रको सरसफाई | | | | |
| १. सार्वजानिक क्षेत्रको सरसफाई | आफ्नो टोलभित्रका सार्वजानिक क्षेत्र (मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च, सडक, पार्क, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, वन तथा चौर आदि) मा फोहोर फाल्न प्रतिवन्ध गरेको । | | | निर्णय पुस्तिका तथा सूचना पाटी |

| | | | | |
|---|---|---|---|---|
| २.टोलमा हरियाली प्रवर्द्धन | टोलका विभिन्न स्थानमा नगरपालिकाले तोके बमोजिमका वा उर्पयुक्त प्रजाति र परिमाणका रुख विरुवा लगाई हरियाली प्रवद्धन गरेको । | | | |
| ३.ध्वनी प्रदूषण नियन्त्रण | टोलवासीको स्वास्थ्यमा प्रतिकुल असर गर्न सक्ने किसिमको ध्वनीको असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने व्यवस्था गरेको । | | | |

## अनुसूची - ३

**३.३ वडा तह:**

**३.१.आधारभूत सूचकहरु:**

नगरपालिकामा वडा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल /वस्तीहरु वातावरणमैत्रि भएको हुनु पर्नेछ । यसका अलवा नगरपालिकाको वडा तहका लागि आधारभुत सूचकहरु देहाय बमोजिमको तय गरिएको छ ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क.खानेपानी तथा सरसफाई** | | | | |
| १.खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीको स्रोतको लगत राखी संरक्षण गरिएको र सबै पानीका स्रोतको गुणस्तर परिक्षण गरिएको ।<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भुमीगत जलस्रोतको पुनर्भरण एवम् वहुउपयोगिताको निम्ति आकासे पानी संकलन र प्रयोगलाई प्रोत्साहन गर्न निति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको । | | | |
| २.फोहोरमैला व्यवस्थापन | १. घर घरवाट सङ्कलित फोहोर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको ।<br>२. वडा परिसरमा प्लास्टिक झोलाको प्रयोगलाई कम गर्न वैकल्पिक उपायहरुको बारेमा प्रोत्साहन गरिएको । | | | |
| ३. तालपोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | १.टोल तथा वडा भित्रका सबै ताल पोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरि सबै ताल पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागी समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको । | | | |
| **ख.जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| विपद् व्यवस्थापन सम्बन्धी आधारभुत क्षमता विस्तृत अध्ययन तथा आपतकालिन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभुत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको<br>२. वडागत रुपमा विपद् जोखिम संकटासन्नता तथा क्षमता मूल्याङ्कन गरी प्रतिवेदन तयार भएको ।<br>३. विपद्को अवस्थामा तत्काल उद्धारको लागि सुरक्षित स्थल(खुल्ला क्षेत्र) निर्धारण गरी सो को संकेत प्रयोग गरिएको ।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडा स्तरीय स्वयंसेवकहरुको समूह बनाई परिचालन गरेको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **ग .वन तथा भू-संरक्षण** | | | |
| १.वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भुगोलभित्र रहेको बनको विस्तृत लगत राखेको र वडाभित्रको क्रियाशिल वन उपभोक्ता समितिसँग सहकार्य गरेको । | | | |
| २.पर्ति जमिनको व्यवस्थापन तथा हरियाली पवर्दन | पर्ति वा सरकारी वा सार्वजानिक जग्गाको नक्सा /विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा बृक्षारोपण गरी संरक्षण गरेको | | | |

**३.२ परिस्कृत सूचक**

वडा तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| | **क. सडक नाला व्यवस्थापन** | | | |
| १.सडकनालाको व्यवस्थापन | १.वडाका सडकहरुमा बर्षादको पानी निकासा हुने कुलेसो वा नाली भएको ।<br>२.सडकको दाँया बायाँ रहेको नालीमा नियमित सफा गरिएको ।<br>३.सडक किनारमा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको । | | | |
| | **ख. कृषि** | | | |
| १. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | वडाका कृषकहरुलाई वाली विविधीकरण,कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेतीबारे तालिम प्रदान गरेको । | | | वडाभित्र रहेका कृषकको लगत। कृषकहरु मध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरुको विवरण |
| २. प्राङ्गारिक खेती प्रणाली प्रवर्द्धन कार्यक्रम | गाईगोठ सुधार भकारो सुधार तालिम सन्चालन र अनुदान | | | सहभागितात्मक लेखाजोखा,सहकारी संस्थाहरुमा रहेका विवरण,कृषि सेवाकेन्द्र /उपकेन्द्रमा रहेको विवरण |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| ३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्त व्यवसायिक कृषकहरुले जैविक वनस्पतीजन्य विषादीको प्रयोग गरी खेतीपाती गर्ने विधिलाई प्राथमिकता दिने गरेको । <br> २. वडाका सबै कृर्षकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको । | | | |
| **ग. जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| १. वडा विपद् तथा जलवायु उत्थानशील समिति गठन र क्षमता विकास | १.वडा स्तरमा सामुदायिक तथा जलवायु उत्थानशील समिति गठन भएको । <br> २.वडामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय युवा कल्व, आमा समुह, वन उयभोक्ता समिति, टोल विकास संस्था/टोल सुधार समिति जस्ता सामाजीक सङ्घ संस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण विषयमा सचेतना कार्यक्रम सञ्चालन गरेको र वडाका कम्तीमा दश प्रतिशत घर परिवारका सदस्यहरुलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे तालिम दिएको । <br> ३. विपद् प्रतिकार्यका लागि वडास्तरीय स्वयंसेवकहरुको समूह बनाई तालिम दिइएको र आवश्यकतानुसार परिचालन गरेको । | | | वडा कार्यालयमा रहेको तालिम सम्ब्रधी विवरण |
| **घ.वन तथा भू-संरक्षण** | | | | |
| १.वन संरक्षण तथा व्यवस्थापन | वडाको भुगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र कृयाशिल वन उपभोक्ता संस्था तथा सम्बन्धित वन कार्यालयको सहकार्यमा दिगो वन व्यवस्थापनको कार्यक्रम संचालन गरेको | | | वन नभएको वडामा यो सुचक लागु हुने छैन । |
| २. पर्ति वा सार्वजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १.वडाक्षेत्रको हालको पर्ती,सार्वजानीक,सरकारी जग्गामा वार्षिक रुपमा रुख,डालेघाँस /फलफुलका विरुवा रोपी हुर्काएको <br> २.वडाभित्रको सबै सरकारी तथा सार्वजानीक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको । <br> ३.वडा भित्रको पर्ती, ऐलानी र सार्वजानीक जग्गामा बालक्रिडास्थल, उद्यान वा खेलकुद स्थान वा जेष्ठनागरिक विश्राम स्थलको व्यवस्था गरेको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | | | | |
| **ङ. प्रदूषण रोकथाम र नियन्त्रण** | | | | |
| प्रदूषण गर्नेलाई दण्डको व्यवस्था | वडा भित्रका घर उद्योग तथा अन्य व्यवसायहरुबाट निष्काशन हुने अत्याधिक ध्वनी,धुवाँ,धूलो आदि व्यवस्थित गर्न टोल विकास संस्था को सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ति, उद्योग वा संस्था लाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासन कार्यालय समक्ष सिफारिस साथ पठाउने व्यवस्था भएको । | | | |

## अनुसूची-४

**४.१ नगरपालिका तह**

**(क) आधारभूत सूचक**

वातावरण मैत्री नगरपालिका हुनका लागि नगरपालिका भित्रका सबै टोल र बस्तीहरु वातावरणमैत्री भएको हुनुपर्नेछ ।यसका अलवा नगरपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छ ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन** | | | | |
| १.खानेपानीको रणनिती योजना ( Strategic Plan) निर्माण | १.स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको । | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |
| २.फोहोरमैला केन्द्रको स्थापना | सड्ने र नसड्ने फोहोरको वर्गीकरण गर्ने गरी फोहोरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको ।<br>२.सड्ने फोहोरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ठ वीनको वितरण भएको ।<br>३.फोहोरमैलाकोदिगो व्यवस्थापनको लागि व्यवस्थित ल्यान्डफिल्ड साइड वा एकीकृत फोहोरमैला व्यवस्थापनको अभ्यास गरेको । | | | फोहोरमैला केन्द्रको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल,सञ्चालन मिति तथा नगरपालिकाको निर्णय । |
| ३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १.बसपार्क,पेट्रोलपम्प पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा पार्क तथा उद्यान र मुख्य हाट बजार स्थलमा बाल वालिका लैङ्गिक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयको व्यवस्था भएको | | | |
| ४. प्लास्टिक झोला प्रयोगमा प्रतिवन्ध | १.नेपाल सरकारले तोकेको गुणस्तर भन्दा कम गुणस्तरको प्लास्टिक झोला प्रयोगमा बन्देज गरिएको ।<br>२.प्लाष्ट्रिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **ख)जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन** | | | | |
| १. विपद् व्यवस्थापन समितिको सक्रियता कोष व्यवस्थापन | १.नगर स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन गरिएको ।<br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी कानून पारित गरिएको ।<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको<br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति,जिल्ला समन्वय समिति,विषयगत कार्यालय,नेपाल रेडक्रस सोसाईटी,निजी क्षेत्र ,राष्ट्रिय तथा अन्तराष्ट्रिय तथा गैर सरकारी संस्था तथा दात्र निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापन तथा परिचालन गरेको ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा उचीत ज्ञानसीप र क्षमता सहितको शाखा /इकाई तथा कर्मचारीको व्यवस्था भएको। | | | |
| २. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको ।<br>२. भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको ।<br>३. नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| ३. हरियाली प्रबर्द्धन तथा पार्कको सञ्चालन | १.नगरको सडक क्षेत्र सरकारी तथा सार्वजानिक जग्गाको पहिचान गरि बृक्षारोपण गरिएको ।<br>२. नगरभित्र भएका वनको क्षेत्रगत लगत राखी विभिन्न समूदाय स्तरीय वा नगरस्तरीय समितिमार्फत त्यसको उचीत संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरेको<br>३. नगरवासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी सञ्चालनमा ल्याएको । | | | |

**(ख) परिस्कृत सूचक**

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क. **फोहोर मैला व्यवस्थापन तथा नगर सरसफाई** | | | | |
| १. फोहोरमैला सङ्कलन तथा त्यसको उचित व्यवस्थापन | १.आफ्नै वा अन्य गाँउपालिका वा नगरपालिका सँगको सहकार्यमा पुन:प्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकता अनुसार फोहोर विषर्जन क्षेत्रमा व्यवस्थापन गर्ने गरिएको र स्वास्थ्य संस्थाबाट निष्काशन हुने हानिकारक फोहोरको व्यवस्थापन हानिकारक फोहोर विसर्जन क्षेत्रमा व्यवस्थापन गर्ने गरेको<br>२. नगर क्षेत्र भित्र फोहोरमैला सङ्कलन गर्न प्रणालीलाई प्रभावकारी बनाउदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक तथा नदी किनारामा फोहोर फाल्न र जलाउन प्रतिवन्ध लगाएको | | | |

| | | | | |
|---|---|---|---|---|
| २. ढल प्रशोधन सम्बन्धी व्यवस्था | ढललाई जैविक वा इन्जिनियरिङ प्रविधिबाट प्रशोधन गरिए पछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको सबै घरहरुमा सेप्टिक ट्याङ्की अनिवार्य गरिएको अवस्थामा यो सूचक निस्क्रिय हुनेछ। | | | |
| ख. कृषि | | | | |
| १. वाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादन वृद्धिको लागि जलवायुमैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै वाली पोषक तत्व एकिकृत किट(शत्रु जीव) व्यवस्थापन कार्य भएको<br>२. सुख्खा तथा बढी पानी जम्ने क्षेत्रहरुको निम्ती उपयुक्त हुने वालीहरुको पहिचान तथा प्रवर्द्धनका लागि सम्बन्धित निकाय सँग सहकार्य गर्ने गरेको<br>३. कृषि पेशालाई प्रोत्साहन नगर क्षेत्र भित्र विभिन्न कार्याक्रमहरुको संचालन गरेको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| ग. **नवीकरणीय उर्जा** | | | | |
| १.नवीकरणीय उर्जा उत्पादन उपयोग तथा उर्जा किफायती प्रविधिको विकास | १.नगरभित्र उत्सर्जित फोहोरबाट बायोग्यास उत्पादन गर्न नगरपालिका आफैले शुरु गरेको वा नगरपालिकाबाट आर्थीक तथा प्राविधिक सहयोग भएको<br>२. नगरभित्रका सबै मूल सडकहरु तथाअन्य सार्वजानिक स्थानहरुमा सडक बत्तीको व्यवस्था गरेको र सम्भव भएसम्म सोलार बत्तीको प्रयोग भएको। | | | |
| २. वैकल्पीक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग | नगरपालिका भित्रका सम्पूर्ण सार्वजानिक सेवाका कार्यालय विद्यालय तथा सडक क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा प्रयोग भएको र | | | |

| | | | | |
|---|---|---|---|---|
| | नेपाल सरकारबाट सौर्य उर्जा प्रयोगको प्रोत्साहनको लागि तोके बमोजिमको सहुलियत नगर सभाबाट पारित भई कार्यान्वयनमा आएको । | | | |
| **घ ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| १.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. जलवायु परिवर्तन तथा विपद् जोखिमको दृष्टिले बढी संवेदशील स्थानहरु र प्राकृतिक तथा सास्कृतिक सम्पदाको पहिचान गरी वडागत नक्साङ्कन गरिएको ।<br>२. जोखिम पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माणमा रोक लगाइएको<br>३. बहुक्षेत्र जोखिमको पूर्वतायारी गरिएको ।<br>४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुरुप वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयन मा ल्याइएको । | | | |
| २.जलवायु परिवर्तन वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था | जलवायु परिवर्तन वातावरण तथा विपद् व्यवस्थापनका लागि नगरपालिकामा शाखा/ईकाइको स्थापना भई कार्यान्वयन मा आएको । | | | |
| ३. खोज तथा अनुसन्धान | नेपाल सरकार ,प्रदेश सरकार तथा सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा जलवायु परिवर्तनको विषयगत क्षेत्रहरुमा आधारित खोज अनुसन्धान तथा तथ्याङ्कको अद्यावधिक गरेको । | | | |
| **ङ) प्लाष्टिक झोला व्यवस्थापन** | | | | |
| १. प्लाष्टिक झोला संकलन तथा व्यवस्थापन | २. प्लाष्टिक झोला सङ्कलन पुन: प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका सबै टोलहरु समेट्ने गरी तालिम दिइएको र सोहि अनुसार काम भएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | ३. नेपाल सरकारले तोकेको मापदण्ड बाहेकका प्लाष्टिक झोलालाई नगरक्षेत्रभित्र प्रयोगमा निषेध गरिएको र त्यसको विकल्पमा कपडाको झोलाको प्रयोग भएको । | | | |
| **च) वातावरणीय शिक्षा** | | | | |
| १. समुदाय तथा बिद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रममा  वातावरण सम्बन्धी अध्यापन गर्ने गरेको ।<br>२. नगरपालिका आफै वा सरोकार वालाहरुको सहकार्यमा वातावरण सम्बन्धी जनचेताना मूलक कार्यक्रमहरु गरेको । | | | |
| **छ) वन भू-संरक्षण जैविक विविधता र हरियाली** | | | | |
| १. वन संरक्षण तथा हरियाली प्रर्वद्धन | १. नगरक्षेत्रभित्र रहेका वनको उचित संरक्षण तथा त्यसको दिगो व्यवस्थापनको लागि आवश्यक नीति निर्माण भएको ।<br>२. सडक किनारा वा पैदल मार्गमा टोलबस्तीलाई परिचालन गरि उर्पयुक्त प्रजातिका बोटविरुवा तथा बहुवर्षिय फुलहरु लगाएको ।<br>३. सार्वजानिक पर्ति जग्गा, नदीनाला किनारहरु ,खोला उकासको क्षेत्रफलहरुमा वार्षिक रुपमा बृक्षारोपण गरि संरक्षण गरेको ।<br>४. भू-क्षय पहिरो तथा बाढीको जोखिम युक्त स्थानहरुको पहिचानका आधारमा संरक्षणका कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरेको । | | | सम्बन्धित कार्यका लागिबजेट एंव कार्यक्रम स्वीकृत गरेको,बृक्षारोपण गरिएको क्षेत्रको अवलोकन |
| २. जैविक विविधताको संरक्षण | १. शहरी वनलाई जैविक विविधतामैत्री संरक्षण र सम्बद्धनको लागि नीति तथा कार्ययोजना वनाई कार्यान्वयन गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. नगरक्षेत्रमा कम्तिमा एउटा जैविक विविधता युक्त पार्क सञ्चालनमा रहेको । | | | |
| **ज) भू- उपयोग तथा शहरी बसोवास** | | | | |
| १.जोखिम संवेदनशील भू उपयोग योजना | १.नेपाल सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको ।<br>२. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निर्माणलाई प्राथमिकता दिने गरेको ।<br>४.नगरपालिका भित्र सञ्चालन हुने आयोजनाहरुको आवश्यकता अनुसार वातावरणिय अध्ययन गर्ने गरेको । | | | |
| २.सडकमापदण्ड निर्धारण र कार्यान्वयन | १.नगरभित्रका सबै सडकको मापदण्ड मापदण्ड निर्धारण गरिएको ।<br>२.सडक मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रुपमा भत्काउने गरिएको । | | | |
| ३. शहरी बसोवास | १.शहरी योजना बस्ती विकास र पूर्वाधार निर्माणका लागि मापदण्ड निर्धारण गरिएको ।<br>२.सहरी योजना बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड कार्यान्वयन गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| **झ) प्रदूषण रोकथाम,नियन्त्रण र न्यूनीकरण** | | | | |
| १. प्रदूषणको नियमन | १. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरुको लगत राखी ध्वनी,जल,वायू प्रदूषणको स्तर मापन गरी अभिलेख तयार भएको ।<br>२. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी गुनासो फछ्र्यौट गर्ने गरेको । | | | |
| **ञ) ध्वनी तथा वायु प्रदूषण नियन्त्रण** | | | | |
| १. ध्वनी प्रदूषण नियन्त्रण | १.ध्वनीको राष्ट्रिय मापदण्ड बमोजिम नगर क्षेत्रलाई औधोगीक क्षेत्र आवासिय क्षेत्र तथा शान्त क्षेत्रको रुपमा विभाजन गरिएको ।<br>२.नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनीको स्तर सम्बन्धमा बार्षिक रुपमा मापन गर्ने गरिएको र मापदण्ड भन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने ब्यवस्था गरिएको । | | | |
| २. वायु प्रदूषण न्यूनीकरण | १. नगरक्षेत्रमा वायू प्रदुषण न्यूनीकरण तथा नियन्त्रणको लागि उपायहरु अवलम्वन गरिएको<br>२. नगरक्षेत्रमा साना सार्वजानिक सवारी साधनको भन्दा ठूला नगर बसहरुको सञ्चालन भएको र बिजुलीबाट चल्ने सवारी साधनलाई उच्च प्राथमिकतामा राखेको । | | | |
| ३. वातावरणजन्य क्षतिपूर्ति | १. वातावरण प्रदुषकले क्षतिपूर्ति ब्यहोर्ने सिद्दान्तको आधारमा पीडितलाई उपर्युक्त क्षतिपूर्ति भराई दिने व्यवस्था मिलाएको ।<br>२. सङ्घीय सरकारले जारी गरेको कानून तथा मापदण्ड अनुरुप स्थानीय क्षेत्रधिकार भित्र रहेका ढुङ्गा,गिट्टि वालुवा तथा माटोको उत्खनन,सङ्कलन,उपयोग,बिक्रि तथा वितरण सम्बन्धी ब्यवस्था गरेको । | | | |

# अनुसूचि -५

वातावरणमैत्री सार्वजनिक कार्यालय भन्नाले यस प्रारुप बमोजिमका सूचकहरु पूरा गरी सम्बन्धित तहबाट वातावरणमैत्री घोषणा भएको सार्वजनिक कार्यालयलाई जनाउनेछ ।

**५ १. वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु**

वातावरणमैत्री सार्वजनिक कार्यालय घोषणा हुन देहायका सूचकहरु पूरा गरेको हुनु पर्दछ

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. सरसफाई | १. लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको<br>२. शौचालयमा हातधुने सावुन र पानीको व्यवस्था भएको<br>३. शौचालयभित्रका सामानहरु दुरुस्त रहेको र दैनिकरुपमा सरसफाई हुने गरेको ।<br>४ कार्यालयका हरेक कोठा बरण्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको ।<br>५ कार्यालयको भित्ता सिलिङ तथा पर्खालमा माकुराको जालो धुलो लेउ अनावश्यक विरुवा झारपात फोहोरको धब्बा नरहेको ।<br>६ कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको ।<br>७ कार्यालयका भवन भित्ता पर्खालमा जथाभावी पोस्टर अनावश्यक भित्ते लेखन आदि नरहेको ।<br>८ कार्यालयको भित्ताहरुमा सुर्ती पान गुट्खा थुक्ने नगरेको । | | | |
| २ कार्यालय भवनको मर्मत सम्भार | १ कार्यालय भवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको<br>२. कार्यालय भवन तथा पर्खालको नियमित रङरोगन गर्ने गरेको ।<br>३.खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गर्न प्रोत्साहन गरेको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. कार्यालयको सौन्दर्य तथा हरियाली | १. कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल फलफूलका विरुवा दुबो सहितको सुन्दरस बगैचा रहेको ।<br>२. बगैचाको नियमित हेरचाह र रेखदेख गरेक<br>३. कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षारोपण गर्ने गरेको<br>४. कार्यालय परिसरमा कम्तीमा दशवटा बहुवर्षे बोट विरुवा हुर्काएको<br>५. वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको । | | | |
| ४. फोहोरमैला व्यवस्थापन | १. कार्यालयको फोहोर सड्ने र नसड्ने गरी वर्गीकरण गर्ने गरेको<br>२. सड्ने फोहोरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको<br>३. प्लाष्टिकजन्य फोहोरलाई छुट्टै जम्मा गरी विक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>४. व्याट्री, सि.एफ.एल चिम, फुटेका सिसा, बोतल, ट्युवलाइट जस्ता हानीकारक फोहोरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>५. कार्यालयसँग जोडिएको सडक पेटी नियमित रुपमा सरसफाई गर्ने गरेको<br>६. कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको<br>७. कार्यालय परिसरभित्र र बाहिर फोहोर, धुलो, कागजका टुक्रा तथा अन्य फोहोर जन्य वस्तुहरु नरहेको<br>८. कार्यालयमा चालिस माइक्रोनभन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको । | | | |
| ५. उर्जाको प्रयोग | १. कार्यालयमा उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको ।<br>२. प्रयोग नभएको समयमा सबै प्रकारका | | | |

| | | | | |
|---|---|---|---|---|
| | विद्युतीय उपकरण बन्द गर्ने गरेको । | | | |
| ६. सवारी साधनको प्रयोग | १. सवारी साधनको नियमित रुपमा प्रदुषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको ।<br>२. पुराना सवारी साधनको नियमित रुपमा लिलाम विक्री गर्ने गरेको । | | | |
| ७. सेवाग्राहीको लागि प्रतिक्षालयको व्यवस्था | १. कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको<br>२. प्रतिक्षालयमा नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ८. सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urinal सहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको<br>२. शौचालयमा साबुन र पानीको व्यवस्था रहेको<br>३. शौचालयको नियमित रुपमा सरसफाइ हुने गरेको | | | |
| ९. कार्यालय भवनको सुरक्षा तथा भुकम्प प्रविधिको प्रयोग | १. कार्यालयको आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको ।<br>२. कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्र बाहिर जान दिने गरेको ।<br>३. कार्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल लगाइएको ।<br>४. कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको ।<br>५. कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको । | | | |
| १०. चमेना गृहको व्यवस्था | १. चमेनागृह सफा सुगघर रहेको<br>२. चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको<br>३. चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको ।<br>४. चमेनागृह अगाडि फूलबिरुवा रहेको<br>५. कार्यालयले खाजा खाने निश्चित समय | | | |

| | | | | |
|---|---|---|---|---|
| | निर्धारण गरेको ।<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको । | | | |

***